# विनियोजन ऐन, २०७६

बलेफी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# बलेफी गाउँपालिकाको विनियोजन ऐन-२०७६

बलेफी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०७६

**प्रस्तावना:** बलेफी गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बलेफी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐन को नाम " बलेफी गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३९,३३,९८,२२०/- (अक्षेरुपी उनान्चालिस करोड तेत्तीस लाख अन्ठानब्बे हजार दुई सय बिस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:**

(१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त बलेफी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूंजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्विकृति लिनु पर्नेछ।

शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

केदार श्रेष्ठ

अध्यक्ष

CamScanner

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

# नेपालको संविधानको धारा २२९ (२) बमोजिम
# संञ्चित कोषबाट विनियोजन हुने रकम

| | | व्यय | | | | | |
|---|---|---|---|---|---|---|---|
| अनुदान सख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | सशर्त | सामाजिक सुरक्षा | वित्तिय व्यवस्था | जम्मा |
| १ | २ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | गाउ कार्यपालिका (वडा समेत) | ६,२४,०४,००० - | १६,९८,५३,२२० - | १२,११,४१,००० - | ४,००,००,००० - | नेपाल सरकार राजश्व आन्तरिक आय | ३९,३३,९८,२२० - |
| | ऋणको सावा व्याज भुक्तानी | | | | | | |
| | लगानी (शयर ऋण) | | | | | | |

केदार क्षेत्री
अध्यक्ष